# केदारस्युँ गाउँपालिका
## (Kedarsyun Rural Municipality)
## गाउँ कार्यपालिकाको कार्यालय
## (OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE)

9858454835 प्र.प्र.अ.
18105000043 टोल फ्री नं.
Email: kedarasyumun@gmail.com
Website: www.kedarasyumun.gov.np

पत्र संख्या :- २०८२।०८३
चलानी नं. :-

देउरा, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल


# सेवा करारमा पदपूर्ति सम्बन्धि सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/१२/०१)

केदारस्युँ गाउँपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजना अन्तर्गत सन्चालन हुने क्रियाकलापहरु कृषि, वन व्यवस्थापन, जलवायु विपद व्यवस्थापन, जीविकोपार्जन, खानेपानी सरसफाइ तथा स्वच्छता, सिचाइ पुर्वाधार निर्माण तथा सामाजिक परिचालन आदि सम्बन्धी कार्यहरुमा सहजीकरण गर्न गाउँपालिका परियोजना कार्यान्वयन एकाई अन्तर्गतका निम्न पदहरूका लागि तपसिलको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट रीत पूर्वक तपसिल बमोजिमका कागजातहरू संलग्न गरि यस गाउँपालिका पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**वैयक्तिक विवरण साथ संलग्न गर्नु पर्ने कागजातहरू:**

- तोकिएको ढाँचामा तयार गरिएको वैयक्तिक विवरण (आवेदकको हस्ताक्षर सहित)
- शैक्षिक प्रमाणपत्रहरू, तालिम प्रमाणपत्रहरू तथा कार्यअनुभव प्रमाणपत्रहरूको प्रतिलिपि
- दरखास्त दस्तुर बापतको रकम बैंक दाखिला गरि सो को सक्कल भौचर

**तपसिल:**

**क) आवश्यक पदहरू र न्यूनतम योग्यता:**

| वि.नं. | पद | तह/संख्या | कार्यस्थल | न्युनतम शैक्षीक योग्यता तथा कार्य अनुभव |
|---|---|---|---|---|
| ०१-८३/०८२ | जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजना अधिकृत | अधिकृत छैटौ तह / १ जना | गाउँ कार्यपालिका को कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह उतीर्ण गरि खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा, जीविकोपार्जन आदि क्षेत्रमा न्यूनतम पाँच वर्षको अनुभव प्राप्त । |
| ०२-८३/०८२ | असिस्टेन्ट सव इन्जिनियर/जलस्रोत प्राविधिक | सहायक चौथो तह/केहि | वडा कार्यालय वा योजना क्षेत्र | सिभिल इन्जिनियरिङ विषयमा प्राविधिक एस. इ. इ./एस. एल. सी. वा मान्यताप्राप्त संस्था/परियोजनाबाट कम्तीमा ३० दिने खा.पा.स.टे.तालिम प्राप्त।खानेपानी सरसफाइ स्वच्छता, सिँचाइ, बहुउपयोगी योजना,कृषि, बायोइन्जिनियरिङ्गवा अन्य सम्बन्धित पूर्वाधार निर्माणको कार्यान्वयनमा कम्तीमा दुई वर्षको अनुभव। |
| ०३-८३/०८२ | सामाजिक परिचालक | सहायक चौथो तह / १ जना | वडा कार्यालय वा योजना क्षेत्र | एस. ई. ई./एस. एल. सी. वा सो सरह। खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि, जीविकोपार्जन क्षेत्रमा क्षमता विकास, सामाजिक परिचालन,योजना तर्जुमा आदिमा कम्तीमा दुई वर्षको अनुभव। |

**नोट: तह/संख्या महलमा केहि उल्लेख भएको पदको हकमा बजेटको सुनिश्चितता र परियोजनाको आवश्यकताका आधारमा पहिचान गरिनेछ।**

केशव राज भट्ट
नि.प्रमुख प्रशासकीय अधिकृत

**ख) अन्य विवरण:**



CamScanner

केदारस्युँ गाउँपालिका
(Kedarsyun Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय
(OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE)

9858454835 प्र.प्र.अ.
18105000043 टोल फ्री नं.
Email: kedarasyumun@gmail.com
Website:www.kedarasyumun.gov.np

देउरा,बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :- २०८२।०८३
चलानी नं. :-

- यो सूचना प्रथम पटक प्रकाशित भएको मितिदेखि १५ (पन्ध्र) दिनभित्र वैयक्तिक विवरण केदारस्यु गाउँ कार्यपालिकाको कार्यालय, देउरा बझाङमा कार्यालय समयभित्र बुझाउनुपर्नेछ। दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ।
- विदेशी विश्वविद्यालय, विद्यालय वा शैक्षिक संस्थानबाट जारी गरिएको शैक्षिक प्रमाणपत्र भएका आवेदकहरूले नेपालको आधिकारिक संस्थाबाट समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ। आवश्यक समकक्षता प्रमाणपत्र बिनाका आवेदनहरू स्वीकार गरिने छैनन्।
- कर्मचारीहरू परियोजना कार्य अवधीको एक वर्षे कार्यसम्पादनमा आधारित सेवा करारमा (कार्यसम्पादन मूल्यांकनको आधारमा नवीकरण हुनेगरी) नियुक्त गरिनेछन्।
- स्थानीय व्यक्तिहरू लगायत महिला, दलित तथा पछाडी परेका जातीय समुदायका आवेदकहरूलाई प्राथमिकता दिइनेछ।
- विज्ञापन प्रकृयामा प्राप्त भएका आवेदनहरूलाई गाउँ कार्यपालिकाले कुनै कारण खुलाई वा नखुलाई पूर्णरूपमा वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्न सक्नेछ।
- छोटो सूचीमा परेका उम्मेदवारहरूको लागि लिखित परीक्षाको तालिका गाउँपालिकाको सूचना पाटीमा प्रकाशित गरिनेछ।लिखित परीक्षा तथा अन्तर्वार्ता दुवै सञ्चालन गरिनेछ।
- विज्ञापनका प्रत्येक पदको सेवा सर्तहरु (ToR) र वैयक्तिक विवरण (CV) ढाँचा हेर्न कार्यालयको वेभ पेज www.kedarasyumun.gov.np तथा परियोजना सहयोग एकाईको वेभ पेज www.laccp.org.np बाट प्राप्त गर्न सकिनेछ। तोकिएको ढाँचा बाहेक अन्य ढाँचामा पेश गरिएको वैयक्तिक विवरण (CV) स्वीकार गरिने छैन।
- दरखास्त दस्तुरः- अधिकृतस्तर छैटौ तहको लागि रु. १५००/-(अक्षेरुपी एक हजार पाच सय मात्र) र सहायक स्तर चौथो तहको लागि रु. ८००/-(अक्षेरुपी आठ सय मात्र)। दरखास्त दस्तुर केदारस्यु गाउँपालिकाको नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लिमिटेड, झोता शाखामा रहेकोग.१.१ केदारस्यु गाउपालिका आन्तरिक राजश्व खाता नं. ०७५०१४००२५००९ मा बैंक दाखिला गरिसोको सक्कल भौचर वा राजश्वशाखाको सुत्रमा जम्मा भएको सिर्जित सक्कल भौचर आवेदनका साथ अनिवार्य पेश गर्नुपर्ने छ।

प्रमुख प्रशासकीय अधिकृत
केशव राज भट्ट
नि.प्रमुख प्रशासकीय अधिकृत



CamScanner